आकाशवाणी समाचार- नेपाली
मितिः २६ जनवरी २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रले आज आफ्नो ७७ औं गणतन्त्र दिवस मनाउँदैछ।
- दार्जीलिङ्गको सांसद राजू विष्ट ले उँधौली पूजा गोर्खाहरुको इतिहास, जीवनशैली, प्रकृति प्रतिको सम्मान र सामूहिक चेतनासँग गहिरो रूपमा जोड़ीएको परम्परा रहेको बताउनुभएको छ।
- चुनाव आयोगले पश्चिम बंगालका मुख्य सचिवलाई बसिरहाट-२ की सहायक निर्वाचन दर्ता अधिकारी तथा ब्लक विकास अधिकारी सुमित्रा प्रतिम प्रोधानलाई तुरुन्तै निलम्बन गर्न निर्देशन दिएको छ।
- लगातार भइरहेको सड़क दुर्घटनाहरू तथा बढ्दो मृत्युलाई मध्यनजर गर्दै सिलगढ़ी मेट्रोपोलिटन पुलिसले हिजोदेखि शहरमा तीनवटा नयाँ ट्राफिक नियम लागू गरेको छ।

**गणतन्त्र दिवस परेड**

राष्ट्रले आज आफ्नो ७७ औं गणतन्त्र दिवस मनाउँदैछ। राष्ट्रपति द्रौपदी मुर्मुले नयाँ दिल्लीको कर्तव्य पथमा औपचारिक परेडमा राष्ट्रको नेतृत्व गर्नु हुनेछ। गणतन्त्र दिवस परेड बिहान १०:३० बजे सुरु हुनेछ र लगभग ९० मिनटसम्म चल्नेछ। देशको विभिन्न क्षेत्र साथै पहाड़ अनि तराई डुवर्सका विभिनन्न भागहरु एवं विभिन्न सरकारी संस्थानहरुमा पनि आज राष्ट्रीय गान, जन-गन गाएर तथा वन्दे मातरमको नारा साथै गणतंत्र दिवस पालन भइरहेको छ।

**मुख्यमन्त्री ममता**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आइतवार बंगला साहित्यको आधुनिकताका अग्रदूत तथा महाकवि माइकल मधुसूदन दत्तको जयन्तीमा उनलाई श्रद्धाञ्जली अर्पण गरिन्। मुख्यमन्त्रीले सोशल मीडिया प्लेटफर्मको एउटा पोस्टमा लेख्नु भएको छ, "बंगला साहित्यको आधुनिकताका पथप्रदर्शक, महाकवि माइकल मधुसूदन दत्तको जयन्तीमा विनम्र श्रद्धाञ्जली।" आफ्नो सन्देशको माध्यमबाट मुख्यमन्त्री ममता ब्यनर्जीले बंगला साहित्यमा माइकल मधुसूदन दत्तको अतुलनीय योगदानलाई स्मरम गर्दै उहाँलाई सम्मानपूर्वक नमन गर्नु भयो।

**दिलीप घोष**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा पूर्व प्रदेश अध्यक्ष दिलीप घोषले पश्चिम बंगालको तृणमूल कांग्रेस सरकारमाथि कडा आक्रमण गर्नु भएको छ र सत्तामा रहने कुनै नैतिक अधिकार नभएको बताउनु भएको छ। उहाँले चुनावअघि नै तृणमूल कांग्रेसले राज्यमा खुलेआम आतंक र हिंसा मच्चाएको आरोप लगाउनु भएको छ। डोमजुर ब्लक अन्तर्गत जगदीशपुर ग्राम पञ्चायतको तानापाडा गाउँमा हिजो प्रत्यक्ष सम्बोधन गर्दै दिलीप घोषले भन्नु भयो, तृणमूल कांग्रेसले एसआईआर (विशेष गहन संशोधन) प्रक्रियालाई लिएर गुण्डागर्दीको सहारा लिएको छ। उहाँले आरोप लगाउनु भयो, सत्तारुढ दलका नेता, मन्त्री र मुख्यमन्त्री आफैंले मतदाता सूचीबाट नाम हटाएको विरोध गर्ने मानिसहरूलाई खुलेआम धम्की दिइरहेका छन्। श्री घोषले भन्नु भयो, चुनावको आधिकारिक घोषणा हुनुभन्दा पहिले नै ब्लक विकास अधिकारी (बीडीओ) कार्यालयहरूमा आक्रमण भइरहेको छ र राज्यका विभिन्न भागहरूमा राजनीतिक हिंसा फैलिन थालेको छ। यो लोकतन्त्र र संविधानमाथि प्रत्यक्ष आक्रमण हो। भाजपा नेताले भन्नु भयो, तृणमूल शासनकालमा बंगालका

जनता आफ्नै राज्यमा सुरक्षित छैनन्। उहाँले विगत दश वर्षदेखि विपक्षी दलका कार्यकर्ताहरूमाथि निरन्तर आक्रमण भइरहेको दाबी गर्नु भयो। श्री घोषका अनुसार, अहिलेसम्म २५० भन्दा बढी भाजपा कार्यकर्ताहरूको हत्या भएको आरोप छ।

## राजू विष्ट

दार्जीलिङ्गको सांसद राजू विष्ट हिज आइतवार अलिपुरद्वारा जिल्ला अन्तर्गत जयगाँव–कालचिनी ब्लकमा खस जनजाति संघद्वारा आयोजित उँधौली पूजा र संस्कृतिक कार्यक्रममा सहभागी हुनुभएको थियो। हिमाली टोल, हेलिप्याड ग्राउन्ड, जयगाँवमा हिजदेखि शुरु भएको यो कार्यक्रम डुवर्स, तराई र पहाड क्षेत्रभरि फैलिएको खस-गोर्खा समुदायको साझा पहिचान र सांस्कृतिक एकताको सशक्त उदाहरण बनेको श्री विष्टले बताउनुभयो। उँधौली पूजा केवल एक धार्मिक अनुष्ठान मात्र नभएर हाम्रो इतिहास, जीवनशैली, प्रकृति प्रतिको सम्मान र सामूहिक चेतनासँग गहिरो रूपमा जोड़ीएको परम्परा रहेको सांसदले बताउनुभयो। उहाँले भन्नुभयो यस्ता कार्यक्रमहरूले गोर्खा समुदायको जरा बलियो बनाउने काम गर्दछ। आजको पुस्तालाई आफ्ना पुर्खाहरुकोको योगदान, संस्कार र मूल्यबोध सम्झाउने र भोलिको पुस्तासम्म हस्तान्तरण गर्ने पुलका रूपमा यस्ता सांस्कृतिक उत्सवहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको श्री विष्टले बताउनुभयो। उहाँले भन्नुभयो गोर्खा समुदायको पहिचान कुनै एक ठाउँमा सीमित रहेको छैन अनि पहाड़, तराई र डुवर्सका हरेक कुनामा जीवितरहेको छ। यस्ता कार्यक्रमलाई निरन्तरता दिनु हाम्रो सामूहिक जिम्मेवारी रहेको पनि सांसद राजू विष्टले बताउनुभएको छ।

## पश्चिम बंगाल निर्वाचन आयोग

चुनाव आयोगले पश्चिम बंगालका मुख्य सचिवलाई बसिरहाट-२ की सहायक निर्वाचन दर्ता अधिकारी तथा ब्लक विकास अधिकारी सुमित्रा प्रतिम प्रोधानलाई तुरुन्तै निलम्बन गर्न निर्देशन दिएको छ। उनलाई निर्वाचनसँग सम्बन्धित कुनै पनि कामबाट हटाउन भनिएको छ। मुख्य सचिवलाई लेखेको पत्रमा आयोगले भनेको छ कि सुमित्रा प्रोधनले मतदाता सूचीमा विसंगति सम्बन्धी गुनासोहरू सुन्न चार अधिकारीहरूलाई अतिरिक्त सहायक निर्वाचन दर्ता अधिकारीको रूपमा नियुक्त गरेकी थिइन्, यद्यपि यी अधिकारीहरूलाई जनप्रतिनिधित्व अधिनियम 1950 की धारा-13 सी अन्तर्गत आधिकारिक रूपमा सहायक निर्वाचन दर्ता अधिकारी नियुक्त गरिएको थिएन। आयोगका अनुसार, यस्तो कार्य गम्भीर दुर्व्यवहार र वैधानिक प्रावधानहरूको उल्लङ्घन हो। निर्वाचन आयोगले अनुशासनात्मक कारबाही तुरुन्तै सुरु गर्न निर्देशन दिएको छ र ४८ घण्टाभित्र विस्तृत अनुपालन रिपोर्ट माग गरेको छ।

## सिलगढ़ीमा तीनवटा नयाँ ट्राफिक नियम

लगातार भइरहेका सड़क दुर्घटनाहरू तथा बढ़दो मृत्युलाई मध्यनजर गर्दै सिलगढ़ी मेट्रोपोलिटन पुलिसले हिजोदेखि शहरमा तीनवटा नयाँ ट्राफिक नियम लागू गरेको छ। ट्राफिक डीसीपी काजी शमसुद्दीन अहमदले पत्रकार सम्मेलनमा सो आशयको जानकारी दिनु भएको छ। उहाँले भन्नु भयो, समीक्षा गरिएपछि यी नियमहरूलाई इस्टर्न बाइपास र शहरका प्रमुख मार्गहरूमा लागू गरिएको छ। मुख्य नियम अनुसार भारी मालवाहक वाहन अब केवल राती नौ बजेपछि गुड्न सक्नेछ। इस्टर्न बाइपासमा मालवाहक वाहनहरूको आवागमनमाथि समयबद्ध प्रतिबन्ध लगाइएको छ। यहाँ राती 10 बजेदेखि बिहान 8 बजेसम्म मात्र ट्रकहरूलाई आवत-जावत गर्ने अनुमति दिइनेछ जबकि अपरान्ह 3 बजेदेखि राती 9 बजेसम्म पूर्ण रूपमा प्रतिबन्ध रहनेछ। सिलगढ़ी शहरभित्र डम्पर वा अन्य भारी वाहनहरूको दिउँसो र साँझ आवागमनमाथि रोक लगाइएको छ। यस अतिरिक्त शहरका मुख्य मार्गहरूमा बिहान 8 बजेदेखि राती 10 बजेसम्म मालवाहक ट्रकहरूमाथि प्रतिबन्ध रहनेछ। बाहिरी तथा पहाड़ जाने मालवाहक वाहनहरूको लागि वैकल्पिक रूट तय गरिएको छ। पुलिस प्रशासनले मानिसहरूसित नयाँ ट्राफिक नियमलाई पालन गर्ने अपील गरेको छ।

## क्रामाकपा-इन्टरलोक्युटर

क्रामाकपाको एक शिष्ट मण्डलीले केन्द्र सरकारद्वारा दार्जिलिङ तराई डुवर्सको गोर्खाहरूको स्थायी राजनैतिक समाधान गर्न नियुक्त गरिएको इन्टरलोक्युटर श्री पंकज कुमार सिंह लाई आज भेट गर्यो। यस शिष्ट मण्डलीमा क्रामाकपा अध्यक्ष जे० बी० राई महासचिव नर्बु लामा लगायत अन्य सदस्यहरूको उपस्थिति रहेको थियो। प्रतिनिधि टोलीले एक सूत्री मांग अलग राज्य गोर्खाल्यान्ड गठन गरेर गोर्खाहरूलाई भारत सरकारले न्याय गर्नु पर्ने दावी सहितको एक स्मारक पत्र पेश गरेको छ। श्री सिंहसित गोर्खाल्याण्डको आवश्यकता र पहाड तराई डुवर्सको स्थिति माथि बुँदागत रूपमा विस्तारित चर्चा गरिएको बताइएको छ।

**तीनधारेमा राँके जुलुस**

इण्डियन गोर्खा जनशक्ति फ्रण्टको श्रमिक संगठन हाम्रो हिल तराई डुवर्स चियाबारी श्रमिक संघले तीनधारेमा हिजो साँझ राँके जुलुस निकालेको छ। श्रमिक संघले सरकारको चौकीमा बस्नेहरूले श्रमिकहरूलाई चुनाउमा मात्र सम्झिने गरेको आरोप पनि लगाएको छ। आईजीजेएफ श्रमिक संघले पहाड, तराई अनि डुवर्स क्षेत्रका चिया बगानहरूमा अविलम्ब न्यूनतम ज्याला लागू गर्नुपर्ने माग गर्दै आज तीनधारेमा राँके जुलुस निकाल्यो। यस राँके जुलुसमा चिया श्रमिकहरूको पनि उपस्थिति रहेको थियो। राँके जुलुसलाई सम्बोधन गर्दै आईजीजेएफ श्रमिक संघका नेतृत्वहरूले सरकारमा बस्नेहरूले चुनाउको समयमा मात्र चिया श्रमिकहरूको कुरा गर्छन्, तर चुनाउ सकिएपछि मालिकवर्गलाई काखी चेप्छन् भनी आरोप लगाए।उहाँहरूले भन्नु भयो, महँगाईको समयमा कम रोजीले चिया श्रमिकहरूलाई आफ्नो घर परिवारहरूको पालन पोषण गर्न धेरै गाह्रो भइरहेको छ। श्रमिकहरूले आफ्ना नानीहरूलाई राम्रो स्कूल, कलेज पढाउन सकिरहेका छैनन्।

**सभासद निधन**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन अधिनस्त तीन नम्बर समष्टि पुलबजार बिजनबारी गोक समष्टिका सभासद भुपेन्द छेत्रीको हिज बिहान हृदयघातको कारण दु:खद निधन भएको खबर प्राप्त भएको छ। भागोप्रमो पुल बिजनबारी गोक समष्टि महासचिव विनय सुब्बाले दिएको जानकारी अनुसार हिज बिहान लगभग दस बजे भुपेन छेत्रीलाई घरमा अचेत आवस्थामा भेटिए पछि उनलाई अत्यन्तै चिन्ताजनक आवस्थामा बिजनबारी ग्रामीण अस्पतालमा पुराइएको थियो। अस्पतालमा जाँचको क्रममा छेत्रीलाई मृतक घोषित गरिएको थियो। यसैबीच उनको निधनमा दार्जीलिङ्गको सांसद राजू विष्ट, जीटीएका प्रमुख कार्यपाल अनित थापा, जीटीए भाइस चियरमेन राजेस चौहान, जीटीए कृषि विभागीय सभासद सतिश पोख्रेल, पुर्व जीटीए कार्यपाल तथा सभासद विनय तामाङ सभासद तथा इन्डियन गोर्खा जनशक्ति फ्रण्ट अध्यक्ष अजय एडवर्ड लगायत दार्जिलिङ पहाडका विभिन्न नेतृत्वहरुले छेत्रीको निधनमा शोक प्रकट गरेका छन्। उल्लेखनीय छ भुपेन छेत्री भारतीय गोर्खा प्रजातांत्रिक मोर्चाको भातृ संगठन अखिल भारतीय गोर्खा विध्यार्थी महासंघको केन्द्रीय महासचिव पनि थिए।

**सिलगढ़ी कलेज-७५ वर्ष**

सिलगड़ी कॉलेजको स्थापनाको 75 वर्ष पुरा भएको उपलक्ष्यमा सिलगड़ी कॉलेज अनि सिलगड़ी मैराथन कमिटीको संयुक्त प्रयासमा हिज राष्ट्रीय स्तरको “हाफ मैराथन” को आयोजन गरिएको थियो। यस आयोजनमा कॉलेजको प्लेटिनम जुबली समारोह अंतर्गत शिक्षा, स्वास्थ्य अनि खेलको समन्वयलाई केंद्रमा राखिएको थियो। कार्यक्रममा मुख्य अतिथिको रूप मा सिलगड़ीको मेयर गौतम देव उपस्थित थिए। यस राष्ट्रीय स्तरको हाफ मैराथनमा देशका विभिन्न भागहरुबाट आएका धावकहरुले उत्साहपूर्वक भाग लिएको बताइएको छ।

***** ० ****